मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १८८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १२ गते शनिवार (Saturday, 25 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## जुवासहित खेल्दै गरेको अवस्थामा पक्राउ

**काठमाडौँ, जेठ ११।** नेपाल प्रहरीको टोलीले काठमाडौँको मित्रनगर र गोकर्णेश्वरमा जुवा खेलिरहेको अवस्थामा २२ जनालाई पक्राउ गरी शुक्रवार सार्वजनिक गरेको छ ।

काठमाडौँ महानगरपालिका-२६ मित्रनगरस्थित धादिङ गङ्गा जमुना गाउँपालिका-६ घर भएकी ३२ वर्षीया सरस्वती गुरुङको गुरुङसेनी गेष्ट हाउसमा जुवातास खेलिरहेको अवस्थामा होटल सञ्चालिका गुरुङ समेत सात जनालाई प्रक्राउ गरिएको प्रहरीले जनाएको

(बाँकी अन्तिम पृष्ठमा)

# कोरोनाले बन्द भएको टिप्ताला नाका खुल्ला

**फुङ्लिङ जेठ ११।** ताप्लेजुङको टिप्ताला नाका शुक्रवारदेखि खुला गरिएको छ । नेपाल-चीनको सीमानामा रहेको यो नाका कोरोना महामारीयता बन्द थियो । लामो प्रयासपछि नाका खुलेको फक्ताङलुङ गाउँपालिका-७ वडाध्यक्ष तथा चीनको तिब्बत डिङ्जी काउन्टी जानकार छेतेन लामाले बताए । लामाका अनुसार नाका खुला गरिएसँगै नेपालबाट ३० जना व्यापारी चीन प्रवेश गरेका छन् । उनीहरुले नेपालमा उत्पादित गलैंचा, दूधजन्य पदार्थ घ्यू, छुर्पीलगायका सामग्री लगेका छन् । उनीहरु करिब १० दिनसम्म तिब्बतमा रहनेछन् ।

गत वैशाख अन्तिम साता प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यको नेतृत्वमा सुरक्षा निकाय लगायतको एक टोली टिप्ताला नाका पुगेको थियो । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङका अनुसार चीनतर्फबाट तिब्बतको डिङ्जी



काउन्टी सरकारका अधिकारीसँगको समन्वयमा गत वैशाख २५ गते नाका खुलाउने सहमति भएको थियो । चीनतर्फबाट तयारी पूरा गरेर नाका खुलाएको जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले जनाएको छ ।

नेपालबाट व्यापार अध्ययनका लागि पहिलो चरणमा ३० जना व्यापारी तिब्बतको रिउ प्रवेश गरेका हुन् । सीमावर्ती क्षेत्रमा बसोबास गर्ने एक सय १५ जनाले तिब्बत प्रवेशका अनुमति लिएका छन् ।

जिल्ला प्रशासन ताप्लेजुङका अनुसार फक्ताङ्लुङ गाउँपालिका-६ लेलेप र ७ ओलाङ्चुङगोलावासीले अनुमतिपत्र लिएका छन् । त्यस्तै मिक्वाखोला गाउँपालिका-५ पापुङका नागरिकले समेत अनुमति पाएका छन् । टिप्ताला नाका कोरोना महामारीयता बन्द थियो ।

आचार्यले टिप्ताला नेपाल-तिब्बतको महत्वको व्यावसायिक नाकासमेत भएकाले द्विदेशीय व्यापार प्रवर्द्धनमा समेत यो नाकालाई भरपूर उपयोग गर्नुपर्ने बताए । व्यावसायिक हिसाबले यो नाका महत्वको छ, यसलाई उपयोग गर्ने गरी सबै पक्षबाट सहयोग र समन्वय जरुरी छ- उनले भने ।

हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायको प्रमुख पुर्खेली पेशा पशुपालनमा(याक) निर्भर हुँदै आएको छ । चीनका बजारमा चौंरी याकहरुको माग राम्रो छ । यहाँका चौंरी याक चीन निर्यात गर्नका लागि चौंरी याक गोठलाई मुख्य पेशाको रुपमा लिइएको छ । चौंरी याक निर्यात हुन नसक्दा किसानलाई आर्थिकरुपमा समेत सङ्कट बेहोर्नुपरेको मिक्वाखोला गाउँपालिका-५ का चौंरी याक पालक मिलन दोर्जेको भनाइ छ ।

पाँच हजार दुई सय मिटर उचाइमा रहेको टिप्ताला भञ्ज्याङमा दुई साता अगाडि मात्र पहिलोपटक नेपाली गाडी (ट्र्याटर) पुऱ्याइएको थियो । सडक निर्माण कम्पनीका ठेकेदार पेम्बा ठिले शेर्पा छ वर्षदेखिको मेहनत सफल भएको बताए । ताप्लेजुङ सदरमुकाम फुङलिङबाट टिप्ताला भञ्ज्याङको दूरी ८५ किलोमिटर छ । आयोजनाका म्यानेजर राजीव लामिछानेका अनुसार ट्र्याक्टर सदरमुकाम फुङ्लिङबाट सीमानासम्मै पुग्छ ।

सडक निर्माणमा द्विदेशीय सीमाना नजिकैको बस्ती ओलाङ्चुङ गोलाबासीहरुको पनि त्यतिकै योगदान छ। यहाँ जन्मेर देश विदेशमा रहेकाबाट प्राप्त रु. दुई करोडभन्दा बढी रकमबाट सीमानादेखि बस्तीसम्मको २४ किलोमिटर सडक निर्माण गरिएको थियो ।

तमोर नदीको उद्‌गमस्थलसमेत रहेको टिप्ताला भञ्ज्याङदेखि तमोरको

(बाँकी अन्तिम पृष्ठमा)

# चिकित्सकमाथि आक्रमण गर्ने दुई जना पक्राउ

**बिर्तामोड, जेठ ११।** मोरङको उर्लाबारीस्थित मंगलबारेमा रहेको मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा कार्यरत चिकित्सकमाथि कुटपिट गरेको आरोपमा प्रहरीले दुई जनालाई भद्रपुरबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राष्ट्रिय स्वतन्त्र पार्टी मोरङ क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति ३६ वर्षीय सुमन श्रेष्ठ र मंगलबारे युवा क्लबका अध्यक्ष ४६ वर्षीय पिपलराज गिरी रहेका छन् । प्रहरीले श्रेष्ठ र गिरीलाई भद्रपुर ४ बाट बिहीबार पक्राउ गरेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए ।

चिकित्सक कुटपिट गरेको आरोपमा इलाका प्रहरी कार्यालय उर्लाबारीमा तीन जनाविरुद्ध उजुरी दर्ता भएको थियो । घटनामा संलग्न अर्को एकजना सानु रोक्का फरार छन् । उनीहरुले अस्पतालमा कार्यरत मेडिकल अधिकृत मोरङ पथरी शनिश्चरे -१ का २५ वर्षीय डाक्टर ब्रोमिस बुढाथोकीलाई कुटपिट गरेको आरोप छ । जेठ ३ गते दिउँसो खाजा खाएर फर्किने क्रममा डक्टर बुढाथोकीमाथि सुमन श्रेष्ठ, पिपलराज गिरी र सानु रोक्काको समूहले आक्रमण गरेको बताइएको छ ।

उनीहरुले डाक्टर बुढाथोकीमाथि पुरानो रिसिइबीलाई लिएर आक्रमण गरेको जाहेरीमा उल्लेख छ। त्यसैगरी, जेठ ७ गते आकस्मिक कक्षमा सेवा दिइरहेको अवस्थामा डाक्टर अनिल यादवलाई आक्रमण गरेको बताइएको छ । अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीहरुले चिकित्सक कुटपिट गर्नेलाई पक्राउ गरिनु पर्ने र शान्ति सुरक्षाको ग्यारेन्टी हुनुपर्ने माग राख्दै निरन्तर आन्दोलन गर्दै आएका थिए ।

आन्दोलन अन्तर्गत बुधबार अस्पतालको ओपिडी सेवा ठप्प पारेर उनीहरु आन्दोलनमा उत्रिएका थिए । चिकित्सक कुटपिट गर्नेलाई प्रहरीले पक्राउ गरेकाले चिकित्सकहरुले आन्दोलन फिर्ता लिएका छन् ।

# इलाममा अन्तर्राष्ट्रिय चिया महोत्सव हुने

**मङ्गलबारे जेठ ११।** इलाममा अन्तर्राष्ट्रिय चिया महोत्सव हुने भएको छ । चियाको राजधानीको रुपमा चिनिने इलाममा यही जेठ २६ देखि २८ सम्म चिया महोत्सव आयोजना हुन लागेको हो ।

नेपाली चियाको गुणस्तर विश्वमाझ पुऱ्याउन अन्तर्राष्ट्रिय चिया महोत्सव गर्न लागिएको इलाम नगपालिकाका प्रमुख केदार थापाले बताए । उनले चिया उद्योगी, व्यवसायी किसान तथा अन्तर्राष्ट्रिय चिया पारखी र व्यवसायीलाई समेट्ने गरी महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए ।

नेपालको चिया विश्वमा नै स्वादिष्ट र अर्ग्यानिक मानिए पनि प्रचारप्रसार नहुँदा किसान तथा व्यापारीले कम मूल्यमा बिक्री गर्नुपरिरहेको गुनासो बढेपछि नगरपालिकाको अगुवाइमा चिया महोत्सव आयोजना गरेका हौं - नगरप्रमुख थापाले भने -कृषिजन्य उत्पादन चियालाई विदेश निर्यात गर्न सके विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत बन्ने थियो ।

चियाको बजारीकरण गर्ने र किसानलाई खेती गर्न प्रोत्साहन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको उनको भनाइ छ ।

महोत्सवपछि इलामसहित नेपालमा उत्पादित चिया अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन र बजारीकरण गर्न सहज हुने अपेक्षा गरिएको नगरप्रमुख थापाले बताए । उनका अनुसार महोत्सव इलाम बजारमा आयोजना गरिने छ ।

महोत्सव आयोजनाका लागि नगरप्रमुख थापाको संयोजकत्वमा समिति गठन भएको छ । इलाम उद्योग वाणिज्य सङ्घसँगको सहकार्य तथा नेपाल पर्यटन बोर्डको सहयोगमा महोत्सव सञ्चालन हुनेछ । महोत्सवमा चियासँग सम्बन्धित

(बाँकी अन्तिम पृष्ठमा)

# खाम्बाङको गुम्बाका विद्यार्थीलाई पोशाक वितरण

**युद्धबहादुर बोहोरा**

**इलाम, जेठ ११।** २५६८ औँ बुद्ध जयन्तीका अवसरमा फाकफोकथुम-१ खाम्बाङस्थित साङ्गे च्योम्दान्दे छ्योईलिङ्ग गुम्बा शिक्षामा अध्ययनरत विद्यार्थीलाई पोशाक वितरण गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थिरबहादुर खड्काको अध्यक्षता तथा १ नम्बर वडाकी महिला सदस्य गोमादेवी भट्टराईको प्रमुख आतिथ्यमा बुद्ध जयन्ती मनाइएको हो ।

२०६६ सालमा शुरू भएको यस विद्यालयले स्थापना कालदेखि नै बौद्ध धर्मसँगै सम्बन्धि कार्यक्रमहरु गर्दै आएको छ । विभिन्न कार्यक्रममा विद्यार्थीलाई शैक्षिक सामग्रीहरु वितरण गरेसँगै यस

(बाँकी अन्तिम पृष्ठमा)

# कनकाई वनको प्रतिनिधिसभा सम्पन्न

**सुरुङ्गा, जेठ ११।** कनकाई सामुदायिक वन उपभोक्ता समूहको विशेष टोल प्रतिनिधि सभा सम्पन्न भएको छ ।

७ खण्ड र १७ टोलमा विभाजित १ सय ५३ सभासद्को विशेष सभाले समूहको पञ्चवर्षीय स्वीकृत वन कार्ययोजना -२०७६ को समयावधि पूरा हुन लागेकाले नयाँ कार्ययोजना-२०८१ व्यापक छलफलपछि पारित गरेको छ ।

२६७.०६ हेक्टरमा फैलिएको प्राकृतिक वनसँग हाल ३४१७ घर धुरी आश्रित रहेका छन् । नेपालको तराईको पहिलो सामुदायिक वनको रूपमा २०४८ सालमा गठन भएको उक्त सामुदायिक वनले पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने कार्ययोजना पनि अघि सारेको छ । उक्त सामुदायिक वनको गौरवको आयोजनाका रूपमा कनकाई वनस्पति उद्यान तया विज्ञान प्रदर्शनीस्थल बोटानिकल गार्डेन निर्माण गरिने भएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

# वंशाणु फेरिएको लामखुट्टेले कसरी औलो रोग रोक्न सक्छ

**बिर्तामोड, जेठ ११।** मलेरिया अर्थात् औलो रोग सार्ने मिचाहा प्रकारको लामखुट्टे फैलिन नदिन एक अफ्रिकी मुलुक जिबूटीमा 'जीएमओ' अर्थात् आनुवंशिक परिवर्तन गरिएको लामखुट्टे ठूलो सङ्ख्यामा छोडिएको छ ।

यूकेको बायोटेक्नोलजी कम्पनी 'अक्सिटेक'ले वंशाणु परिवर्तन गरेको 'अनोफलीज स्टेफन्सी' प्रजातिका भाले लामखुट्टेहरूले मान्छेलाई टोक्दैनन् । बरु तिनबाट जन्मेका पोथी सन्तान कलिलै उमेरमा मर्छन् ।

पोथी लामखुट्टेले मात्र मान्छेलाई टोक्छन् । तिनैले औलो तथा अन्य भाइरल रोग फैलाउँछन् । पूर्वी अफ्रिकामा औलो नियन्त्रण गर्ने उद्देश्यले पहिलो पटक त्यस्ता लामखुट्टे प्रयोग गरिएको हो ।

**यो विधिले कसरी काम गर्छ ?**


ब्रजिल, केइमन आइल्यान्ड्स, प्यानमा र भारतमा यो विधि सफल भएको रोग नियन्त्रण तथा रोकथाम गर्ने अमेरिकी निकाय सीडीसीले जनाएको छ ।

सीडीसीका अनुसार सन् २०१९ पछि विश्वभरि वंशाणुमा परिवर्तन गरिएका एक अर्ब वटाभन्दा बढी लामखुट्टे छोडिएको छ। जिबूटीको एउटा सहरमा लामखुट्टेको पहिलो खेप बिहीवार छोडिएको हो । अक्सिटेक लिमिटेड, जिबूटी सरकार र 'असोसिएशन म्यूचालिस' नामक गैरसरकारी संस्थाको साझेदारीमा यो नमूना परीक्षण सञ्चालन गरिएको हो । हामीले मान्छेलाई नटोक्ने र रोग नसार्ने राम्रो लामखुट्टे बनाएका छौं । अनि हामीले बाहिर छोडेपछि यी मित्रवत् लामखुट्टे जङ्गली लामखुट्टेका पोथी खोज्न थाल्छन् र समागम गर्छन्- अक्सिटेकका ग्रे फ्यार्न्ड्सनले बताए ।

प्रयोगशालाबाट उत्पादित ती लामखुट्टेमा एउटा यस्तो 'जीन' हुन्छ जसले आफूबाट जन्मेका पोथी सन्तानलाई वयस्क होउन्जेलसम्म जीवित रहन दिँदैन। भाले सन्तान मात्र बाँच्छन् तर अन्ततः ती मासिने यो योजनामा संलग्न वैज्ञानिकहरूको दाबी छ ।

बुर्किना फासोमा सन् २०१८ मा अर्कै प्रजातिका भाले लामखुट्टे छोडिएको थियो । तिनले प्रजनन गर्न सक्दैनथे । जिबूटीमा 'अनोफलीज स्टेफन्सी' लामखुट्टे सन् २०१२ मा पहिलो पटक देखा परेको थियो । दुई वर्षअघि उक्त बाहिरिया र मिचाहा जातको लामखुट्टेलाई फैलिन नदिन एउटा कार्यक्रम शुरु गरियो ।

सोही कार्यक्रमअन्तर्गत नै अहिले आनुवंशिक परिवर्तन गरिएको सोही प्रजातिको लामखुट्टेका भालेहरू



प्रयोग गरिएको हो। जिबूटी औलो निर्मूल पार्ने बाटोमा थियो । तर उक्त प्रजातिको लामखुट्टे देखा परेपछि औलोका ३० बिरामी फेला परे । त्यसपछि सन् २०२० सम्म बिरामीको सङ्ख्या ह्वात्तै बढेर ७३,००० पुग्यो ।

उक्त प्रजातिको लामखुट्टे अहिले अरू अफ्रिका देश इथिओपिया, सोमालिया, केन्या, सुडान, नाइजिरिया र घानामा पाइन्छ ।

**के हो अनोफलीज स्टेफन्सी ?**

नोफलीज स्टेफन्सी प्रजातिको लामखुट्टे एशियाबाट अन्यत्र फैलिएको हो । यो लामखुट्टे नियन्त्रण गर्न निकै गाह्रो हुन्छ। यसलाई 'शहरिया लामखुट्टे' पनि भनिन्छ । यो लामखुट्टे मानिसले नियन्त्रण प्रयोग गर्ने तरिका छल्न सक्षम भइसकेको छ ।

यसले राति मात्र हैन, दिउँसो पनि टोक्छ। यो लामखुट्टे रासायनिक कीटनाशक प्रतिरोध गर्न सक्ने भइसकेको छ। यो लामखुट्टेले औलोको परजीवी र अरू रोग लगाउने भाइरस मानिसलाई सार्छ।

औलो घातक रोग हो । यसले प्रत्येक वर्ष विश्वभरि छ लाखभन्दा बढी मानिसको ज्यान लिन्छ ।

अफ्रिकामा आनुवंशिक परिवर्तन गरिएको जीव (जीएओ) को प्रयोग सधैँ विवादमा पर्ने विषय हो ।

पर्यावरणवादी समूह र अभियानकर्ताहरूले तिनबाट पारिस्थितिक प्रणाली र विद्यमान खाद्यचक्रमा नराम्रो प्रभाव पर्न सक्ने चेतावनी दिएका छन् ।

अक्सिटेकका फ्यार्न्ड्सनले आफ्नो कम्पनीले विकसित गरेको लामखुट्टेका कारण १० वर्षमा पर्यावरण र मानिसको स्वास्थ्यमा कुनै दुष्प्रभाव पुगेको नदेखिएको बताएका छन् ।

हामीले पर्यावरणमा छोड्ने जीवबाट हानी नपुगोस् र त्यो निकै प्रभावकारी हुन्छ भन्ने सुनिश्चित गर्न हामी ध्यान दिन्छौँ । पर्यावरणमा कुनै प्रभाव पर्दैन । ती लामखुट्टे हानिरहित छन् र कुन प्रजातिलाई निसाना बनाउने भन्ने कुरा छुट्टिएको छ- उनले भने।आनुवंशिक परिवर्तन गरिएको 'जीन' लामखुट्टेको मुखबाट निस्किने तरल पदार्थमा नपाइने अक्सिटेकले जनाएको छ। ती लामखुट्टेले टोकिहाले भने पनि उक्त जीनले मानिसमा कुनै प्रभाव पार्दैन ।

यो उपाय विवादास्पद हुन सक्छ तर यसले भोलिको बाटो निर्धारण गर्छ,- जिबूटीको राष्ट्रपतिका स्वास्थ्य मामिलाका सल्लाहकार डा. अब्दुलिलाह अमहद अब्दीले भने। यो चरण सफल भयो भने जिबूटीमा थप परीक्षण गरिने छ अनि अर्को वर्षसम्मै जीएमओ लामखुट्टे प्रयोग गरेर औलो नियन्त्रण गर्ने अभियान सञ्चालन हुने छ ।

(बाँकी अन्तिम पृष्ठमा)

**We Declare MRP of The Following Items as Below**

| Size | Rate (NPR) (Inculding Tax) |
|---|---|
| Vitrified Tiles 6'x4' | 2160 Per SQM |
| Vitrified Tiles 64"x32" | 1410 Per SQM |
| Vitrified Tiles 120"x32" | 2790 Per SQM |
| Vitrified Tiles 96"x32" | 2160 Per SQM |
| Vitrified Tiles 48"x16" | 2160Per SQM |
| Granite | 45 Per Kg |
| Daikin RKC48UV16W (1.5T 3* INV SAC) | 54000 Per Pcs |
| Daikin FTKC48UV16W (1.5T 3* INV SAC) | 24000 Per Pcs |
| Daikin RKL71UV16T (2.2TR 3* INV SPLIT AC-ODU) | 89000 Per Pcs |
| Daikin FTKL71UV16T (2.2TR 3* INV SPLIT AC-IDU) | 33000 Per Pcs |

Seller/Distrbutor
Swastik Trade Concern Pvt. Ltd
Birtamode, Jhapa
Contact No 9852672761

# एकदिने भाषण कला

**बिर्तामोड, जेठ ११।** वीरता लेडी जेसीजको आयोजनामा प्रभावकारी भाषण कला सम्बन्धी एकदिने तालिम सम्पन्न भएको छ ।

समुदायमा रहेका महिलाहरूलाई उनीहरूको व्यक्तित्व विकास गर्ने उद्देश्य राखेर तालिम आयोजना गरिएको हो ।

वीरता जेसीजका पूर्व अध्यक्ष बिनोद बस्नेतको प्रमुख आतिथ्यमा आयोजित समारोहका बीच तालिम सञ्चालन गरिएको छ ।

वीरता लेडी जेसीज सन् २०२४ की अध्यक्ष मेनुका ओलीका अनुसार समुदायमा रहेका विभिन्न संघसंस्थाका महिला दिदीबहिनीलाई लक्षित गरेर तालिम आयोजना गरिएको हो ।

लेडी जेसीजकी पूर्व अध्यक्ष सुष्मा पौडेलको विशेष आतिथ्यमा भएको तालिममा ३५ जनाभन्दा बढीको सहभागिता रहेको थियो । सहभागीलाई जेसी सागर शिवाकोटीले प्रशिक्षण दिएका हुन् ।

कार्यक्रम संयोजक प्रियंका उप्रेतीले स्वागत मन्तव्य राखेको कार्यक्रममा लालीगुराँस महिला समूहकी अध्यक्ष मीना चुडाल लगायत सहभागी थिए । महासचिव मुना ढुंगेलले सञ्चालन गरेको कार्यक्रममा रूपा थापाले आस्थावाचन गरेकी थिइन् ।

## कनकाई...

समूहले नश्ल सुधार, आगलागी, चोरी निकासी तथा डढेलो रोकथाम तथा नियन्त्रण, गस्ती परिचालन, क्यान्सर तथा मिर्गौला रोगीलाई सहयोग, औषधिजन्य बिरुवा रोपण लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको सभाका अध्यक्ष तथा वन समूहका अध्यक्ष ख्यामप्रसाद ओलीले जानकारी दिए ।

सो प्रतिनिधि सभामा समूहका कोषाध्यक्ष श्रीप्रसाद खरेलले वार्षिक बजेट तथा कार्यक्रम पेश गरेका थिए । कोषाध्यक्ष खरेलले बिरुवा खरिद, ढुवानी तथा नर्सरी व्यवस्थापन, झाडी सफाइ, डढेलो नियन्त्रण, प्राविधिक कार्य, भू-संरक्षण,नदी नियन्त्रण, जनचेतना अभिवृद्धि तालिम, अग्निरेखा तथा वनपथ निर्माण, लकडी कटान, ढुवानी तथा पाइलिङ, तारवार निर्माण लगायतका क्षेत्रमा खर्च छुट्ट्याइएको बताए ।

स्वीकृत वन कार्ययोजनासहित अध्यक्ष ओलीको प्रतिवेदन र कोषाध्यक्ष खरेलको वार्षिक बजेट तथा कार्यक्रम सभाले पारित गरेको छ ।

कनकाई नगरपालिकाका उपमेयर आशा शर्मा शिवाकोटीको प्रमुख आतिथ्य र कनकाई सबडिभिजन वन कार्यालय प्रमुख नथुनी गहिबार यादवको विशेष आतिथ्यमा भएको कार्यक्रममा सल्लाहकार यामनाथ सेडाई, भीष्म मैनाली, कनकाई नगरपालिका वार्ड नं.- ३ का वार्ड अध्यक्ष युवराज चम्लागाँई, वार्ड नं. -२ का वार्ड अध्यक्ष बलराम राई (प्रताप) लगायतले मन्तव्य राखेका थिए ।

सो वन समूहका उपाध्यक्ष ललितबहादुर कार्कीको स्वागत मन्तव्य रहेको कार्यक्रम सचिव मान्ता खरेलले सञ्चालन गरेकी थिइन् ।

## जुवासहित ...

साथै गोकर्णेश्वर नगरपालिका-४ माकलबारी बस्ने देवराज गिरीको घरमा जुवातास खेलिरहेको अवस्थामा मोरङ केराबारी घर भई काठमाडौं कपन बस्ने ३८ वर्षीया बिष्णु लिम्बूसमेत १५ जनालाई पक्राउ गरी सार्वजनिक गरिएको केन्द्रीय प्रहरी प्रवक्ता दानबहादुर कार्कीले जानकारी दिए । उनले भने -मित्रनगरमा प्रहरी प्रभाग गोङ्गबू तथा गोकर्णेश्वरमा प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले निजहरुलाई पक्राउ गरेको हो । पक्राउ परेकाहरुको साथबाट प्रहरीले रु. दुई लाख ७० हजार पाँच सय ५० तथा केही बुक तास समेत बरामद गरिएको प्रहरीको भनाइ छ । सो सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रवक्ता कार्कीले बताए ।

## कोरोना.....

किनारै किनार धनकुटाको मूलघाट, भैंडेटार हुँदै विराटनगरको रानी भन्सारसम्मको दूरी करिब तीन सय मिटर रहेको सडक कार्यालयले जनाएको छ । त्यसैले यो सडकलाई उत्तरतर्फको सबैभन्दा छोटो दूरीको सडक भएको सडक कार्यालयको दाबी छ ।

## इलाममा.....

विभिन्न सङ्घसस्थाका साथै चिया किसान तथा व्यापारी सहभागी हुनेछन् ।

महोत्सवपछि चिया किसान, व्यापारी र विदेशी चिया व्यापारीबीचको दूरी कम हुँदै जाने र पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको उद्योग वाणिज्य सङ्घ इलामका अध्यक्ष चेतनाथ पौडेल ( कृष्ण)ले बताए । उनका अनुसार इलाममा १९२० सालमा नै चिया रोपन शुरु भएको इतिहास छ । महोत्सवमा इलाममा उत्पादन हुने सबैखाले चियालाई समावेश गराइनेछ । विदेशी चिया पारखी तथा चिया व्यापारीले महोत्सवबाट चिया खरिद तथा बिक्री गर्नसक्ने आयोजकले जनाएको छ ।

इलाममा उत्पादन हुने चियालाई प्रदर्शनसँगै बिक्री वितरण र प्रचारप्रसार गर्न महोत्सव आयोजना गरिएकामा यहाँका किसान उत्साहित भएका छन् । महोत्सवमा 'चिया' विषयमा छलफल एवम् अन्तर्क्रियासमेत हुने नगरप्रमुख थापाले जानकारी दिए ।

## वंशाणु....

### औलो रोगका लक्षण

औलो लामखुट्टेले सार्ने गम्भीर सङ्क्रमण हो । राम्रोसँग पहिचान र उपचार भएन भने यसले ज्यान पनि लिन सक्छ । - उच्च तापक्रम, पसिना र काम ज्वरोस, - टाउको दुख्ने र अन्योल महसुस गर्नु - शरीर एकदमै गलेको जस्तो महसुस गर्नु र निद्रा लाग्नु (विशेषत: बालबालिकामा)
- बिरामी परे जस्तो महसुस हुनु, पेट दुख्नु र - -झाडाबान्ता हुनु, - खाना मन नलाग्नु, - मांसपेशी दुख्नु
- छाला र आँखाको सेतो भाग पहेँलो हुनु, - घाँटी दुख्नु, खोकी लाग्नु र सास फेर्न गाह्रो हुनु
- स्रोत: एनएचएस -(वीवीसी)


# संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाऔं

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं,
- लोकतन्त्रको संरक्षण र प्रवद्धर्धन गरौं,
- राज्यलाई जनताप्रति उत्तरदायी बनाऔं,
- कानूनी शासन सुनिश्चित गरौं,
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं,
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं,
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं,
- गणतन्त्रलाई जीवनशैली र संस्कारको रुपमा अवलम्बन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.

## गैह्र बैकिङ सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०२/१२)

यस संस्थाको नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित गैह्र बैकिङ सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने भनी प्रथम पटक मिति २०८०/०३/२८ मा सूचना प्रकाशित गरिएको भए तापनि कुनै बोलपत्र प्राप्त नभएकोले दोस्रो पटकका लागि यो सूचना प्रकाशन गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघसंस्थाहरुले लिखित सर्त बन्देजको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपशिल

| जग्गाधनीको नाम, ठेगाना | सम्पत्ति रहेको ठेगाना | कि.नं. | क्षेत्रफल | सम्पत्तिको न्युनतम मूल्य |
|---|---|---|---|---|
| नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि. कमलगा.पा.०३, केर्खा, झापा | हाल: गौरादह ०५, बालुबथान, झापा साबिक: कोहबरा ०१ | २०४७ | ०-१०-० (३३८६.३० व.मि) | रु: ४५,००,०००। (अक्षरेपी पैतालिस लाख मात्र) |

**शर्तहरू**

१) बोलपत्र सम्बन्धी फाराम संस्थाको मुख्य कार्यालयबाट रु: १,०००। (अक्षरेपी रु. एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।
२) बोलपत्र दाखिल गर्दा आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा एन.आई.सी. बैंकमा रहेको खाता नं ३४४११८८०१६५२४००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्दछ ।
३) लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी तथा संघसंस्थाहरुले कार्यालय समयमा संस्थाको केन्द्रिय कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
४) दा.खा. नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण शुल्कहरु बोलकबोलवालाले व्यहोर्नु पर्दछ ।
५) बोलपत्र स्वीकृत भएको मितिले १५ दिनभित्र बाँकी रुपैंया दाखिल गरी नामसारी गरिलिनु पर्दछ । अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ ।
६) अन्य :
-बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८१/०२/१९ गते बेलुका कार्यालय समयभित्रमा
- बोलपत्र खोल्ने मिति : २०८१/०२/२१ गते सोमबार
- समय : दिनको ठिक १ बजे
- स्थान : संस्थाको मुख्य कार्यालय, केर्खा, झापा

नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.
कमल गा.पा.०३, केर्खा, झापा
फोन नं : ०२३-४७५१८६, ४७५०३१




असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

प्रकाशित मिति: २०८१/०२/१२

## कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरूले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिमपटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५० (पुर्नलेखन २०७७) र कर्जा कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**


| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम | जग्गको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | जाहेद महमद | मे न पा -१४ मियावारी | लाल महम्मद मिया | गोस महमद मिया | दिपा खातुन | चारआली | जाहेद महमद | लाल महम्मद मिया | दुवागढी -८ | १७६९ | ०-०-१३-० |
| 2 | सुमन नेम्वाङ | अर्जुनधारा ८ | नर सिंह नेम्वाङ लिम्बू | कालीबहादुर लिम्बू | मेनुका तामाङ नेम्वाङ | चारआली | सुमन नेम्वाङ | नरसिंह नेम्वाङ लिम्बू | शनिश्चरे ५ | २३०८, २४५२ | ०-२-५-०, ०-२-०-० |
| 3 | मो अकबर अली | अनारमनी ३ | महमद उसमान | महमद रहमान | लाङली बेगम | चारआली | मो. अकवंर अली | महमद उसमान | चन्द्रगढी ४ | १४३५ | ०-१-५-० |
| 4 | टंकमाया तामाङ | मेचीनगर २ | याम बहादुर बुढाथोकी | दल बहादुर बुढाथोकी | बुद्धिमान तामाङ | चारआली | टंकमाया तामाङ | याम बहादुर बुढाथोकी | बाहुण्डागी ६ | ४९४३, २९९४ | ०-६-१०-०, ०-५-०-० |
| 5 | बुद्धिमान तामाङ | मेचीनगर २ | लाख बहादुर तामाङ | सनम ध्वज तामाङ | टंकमाया तामाङ | चारआली | बुद्धिमान तामाङ | लाख बहादुर तामाङ | बाहुण्डागी ६ | २९९४ | ०-५-० |
| 6 | सिकुम सुन्दर लावती | मेचीनगर १२ | प्रेम कुमार लावती | बुद्धिबल लावती | यमुना राई | चारआली | सिकुम सुन्दर लावती र यमुना राई | प्रेम कुमार लावती | गारामनी ९, धाईजन ६ | ७१७, ७१५, ५३९७, ९३० | १८०.१६ ब.मि, २५२८.८८ ब.मि, ०-१-६-०, ०-०-१०.५-० |
| 7 | यमुना राई | मेचीनगर १२ | मनरथ राई | लाल बहादुर राई | सिकुम सुन्दर लावती | चारआली | यमुना राई | मनरथ राई | धाईजन ६ | ९३० | ०-०-१०.५ |
| 8 | लोकेन्द्र लिम्बू | मेचीनगर १४ | चक्र बहादुर लिम्बू | धन बहादुर लिम्बू | सरिता लिम्बू | चारआली | सरिता लिम्बू | आश बहादुर लिम्बू | दुवागढी ८ | १७५७ | ०-७-०-० |
| 9 | सुरेश अधिकारी | मेचीनगर ३ | धन बहादुर अधिकारी | दल बहादुर अधिकारी | तुलसा अधिकारी | चारआली | सुरेश अधिकारी, धन बहादुर अधिकारी, भिम बहादुर अधिकारी | धन बहादुर अधिकारी, दल बहादुर अधिकारी, धन बहादुर अधिकारी | बाहडागी ५ | २७५८, २२१६, २२१३, २२१५ | ६७७.२६ ब.मि, २८३६.०२ ब.मि, ३३८.६३ ब.मि., २३७०.४१ ब.मि, |
| 10 | बिमला थामसुहाङ | मेचीनगर १० | बिल बहादुर थामसुहाङ | बुजुमान थामसुहाङ | हर्क बा लिम्बू | धुलावारी | हर्क बा लिम्बू | बल बा लिम्बू | मे न पा १ | १२३,१२३ | ४०.२५, ९४.१५ ब. मि. |
| 11 | मुकुन्द दाहाल | मेचीनगर ०९ | खडानन्द दाहाल | जय प्रसाद दाहाल | बिष्णु दाहाल | धुलावारी | मुकुन्द दाहाल बिष्णु दाहाल | खडानन्द दाहाल खडानन्द सुवेदी | धाइजन ७ धुलावारी ४ | ४११, ३७४३, ३९१३, १९३५ ,३७८७ | ३९७८, ५२४.८६, ३३८.६३ ३०४.७४, ५९२.५८ वर्ग मि |
| 12 | मुनुदेवी भण्डारी | बुद्धशान्ति ०१ | नेत्रमणि तिम्सिना | बिष्णु प्रसाद तिम्सिना | भिम प्रसाद भण्डारी | बुधबारे | मुनुदेवी भण्डारी | नेत्रमणि तिम्सिना | शान्तिनगर ९ | ५६, ६१ | ०-६-४-०, ०-२-०-० |
| 13 | रोशन पौडेल | मेचीनगर ११ | भवानी शंकर पौडेल | अविनारायण पौडेल | भावना भट्टराई | बुधबारे | भवानी शंखर पौडेल | अबि नारायण पौडेल | धाइजन २ | ७१५ | ०-११-० |
| 14 | मिरा भण्डारी | बुद्धशान्ति १ | गोपीकृष्ण भण्डारी | अगिरथ भण्डारी | | बुधबारे | होम नाथ भण्डारी | गोपीकृष्ण भण्डारी | बुधबारे ३ ख | ९८४, ९८२, २६२, ९८१ | ०-३-८, ०-६-६, ०-४-१०, ०-५-८ |
| 15 | टीकाकुमारी उप्रेती | बुद्धशान्ति १ | बेधनिधि उप्रेती | कृपा नन्द उप्रेती | काजी मान ओली | बुधबारे | टिका कुमारी उप्रेती | बेधनिधि उप्रेती | बुधबारे ६ ग | [redacted] | ०-१८-५-० |
| 16 | जुनादेवी बजगाई | मेचीनगर ०४ | चन्द्र प्रसाद बजगाई | नरायण बजगाई | ज्ञान बहादुर कटुवाल | बाहुण्डाँगी | जुना देबी बजगाई | चन्द्र प्रसाद बजगाई | बाहुण्डाँगी २ ख | [redacted] | ०-१-१ |
| 17 | निमा दोर्जे तामाङ्ग | मेचीनगर ४ | जित बहादुर तामाङ | ज्ञान बहादुर तामाङ | चन्द्रकला तामाङ्ग | बाहुण्डाँगी | निमा दोर्जे तामाङ्ग | जित बहादुर तामाङ्ग | बाहुण्डाँगी १ | [redacted] | ०-१६-० |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. बचत तथा [redacted] व्यवसाय समिति**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन [redacted]: भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आ[redacted]१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) E[redacted]urwanchal2052@gmail .com

कविता

# फरक



**टंक काफ्ले विकल्प**

म नदीलाई तर्दै थिएँ
मलाई नदीले तराउँदै थियो
मात्र यति फरक थियो
म पाइँतालामा थिएँ
ऊ बहाबमा थियो ।
किनारा त
ऊ पनि छुन चाहन्थ्यो
म पनि छुन चाहन्थेँ
तर,
यहीँनेर आइपुगेपछि
हामी फरक देखियौं
कि
ऊ किनार छोएर
आफ्नो आकार बढाउन चाहन्थ्यो
म
उसको आकार घटाएर
किनार छुन चाहन्थेँ
नदी मलाई तर्न भङ्गालाहरु छुट्याउँथ्यो
म नदी तर्न मुल्काहरु छिचोल्थेँ
मुल्काहरुमा पानीको तेज उर्लिन्थ्यो
मभित्र साहसको तेज उर्लिन्थ्यो
नदी विजयको गन्तव्य लक्षित थियो
म पनि विजयकै गन्तव्यमा लक्षित थिएँ
तर,
यहीँनेर आइपुगेपछि
हामी फेरि फरक भयौं
कि
नदी छालहरूमा धार लगाएर
किनारा रेट्न चाहन्थ्यो
म छालहरूको धार मठुरेर
नजिकै किनारा भेट्न चाहन्थेँ
नदी न हो
अवसर खोजिरहन्छ
बहाव परिवर्तन गर्ने
म पनि त मान्छे हुँ
अवसर खोजिरहन्छु
परिवर्तनको नौलो सिर्जना भर्ने
तर,
यहीँनेर आइपुगेर
फेरि पनि हामी फरक उभियौं
कि
नदी चाहन्थ्यो
छेवैमा मृत बगर लम्पसार छोडेर
आफू जीवन्त हाँसिरहन
तर,
म चाहन्थेँ
मृत बगरको ढुङ्गालाई पनि
कुँदेर देवता बनाउन ।

**बुधबारे, झापा**

कथा

# गृहिणी



**अन्जु राजवंशी**



'आज म मेरी श्रीमती इन्दिराको कारणले नै यो अवस्थामा पुगेको छु । मेरो जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा मेरी श्रीमती इन्दिराको गृहिणी हुनु हो । डबल एमए र स्वर्ण पदक विजेता भए पनि मेरो चाहनाको लागि इन्दिरा गृहिणी बनेर हरेक पाइलामा मसँगै हिँडिरहेकी छिन् ।'

इन्दिरालाई रिसेप्सन हलमा बसाएर नरेन्द्र कहाँ हरायो थाहा भएन । सजाइएको हल र त्यसमा घुमिरहेका मानिसहरू देखेर इन्दिरा छक्क परिन् । जहाँ लामो समयपछि अलिक राम्रो लुगा लगाएकी थिइन् । मिल्दो गरगहना सहितको निलो शिफन साडीमा ऐनामा आफूलाई देखेर इन्दिरा मख्ख परिन् । बिहेको २० वर्ष बितिसक्दा पनि उनको मनमा धेरै उमङ्गहरू छन् । त्यसै त, इन्दिराको सादगीले मात्र पनि यसको प्रचुरता बढाउँछ । ४० वर्षको उमेरमा तीस देखिनु चानचुने कुरा होइन । घरबाट निस्कने क्रममा किशोरी छोरीले मिठो प्रशंसा गरिन्- 'वाअ ! ममी हजुर आज पार्टीमा चम्किनु हुनेछ ।'

तर, यहाँ समीकरण उल्टो भयो । वातावरण अनुकूलित हलमा पनि उसको सादगीलाई ती आधुनिकसँग तुलना गर्दा निधारमा पसिनाका थोपाहरू चुहिन थाल्यो । अब उनले पर्सबाट रुमाल निकालेर पसिना पुछ्दै सुक्दै गर्दा मेकअपमा मुस्कुराउँदै एउटी म्याडम उनको अगाडि देखा परिन्- 'माफ गर्नुहोस्, के तपाईं श्रीमती नरेन्द्र हुनुहुन्छ ?'

इन्दिरा केही बोल्ने अवस्थामा थिइनन् । उनले बिस्तारै मुन्टो हल्लाइन् ।

'म रमा, रसायनशास्त्र विभागबाट । सरले सबैको परिचय गराइदिनु भन्नु भएको छ ।'

इन्दिरा यान्त्रिक रूपमा उनीसँगै हिँड्न थालिन् । 'उनलाई भेट्नुहोस्, उहाँ श्रीमती नरेन्द्र सरकी श्रीमती हुनुहुन्छ !' रमाले इन्दिराको परिचय सबैको अगाडि यस्तो इशारामा गराए कि धेरै जोडी आँखाले उनको एक्स-रे गर्न थाले ।

'खै के गर्दैछौ ?' कर्कश स्वरमा सोधिएको प्रश्नको जवाफमा इन्दिराले जबरजस्ती मुस्कुराइन्, र भनिन्- 'म गृहिणी हुँ ।'

'गृहिणी ! ओह, त्यसैले यति धेरै सरल ।'

नचाहँदा नचाहँदै इन्दिराको नजर स्वरहरूको दिशामा ठोक्यो । आफ्नो शरीरलाई पश्चिमी पोशाक लगाएर मेकअपको तहमा आफ्नो उमेर लुकाउने असफल प्रयास गरेकी एउटी भारी शरीरकी महिला अलि अनौठो तरीकाले मुस्कुराइरहेकी थिइन् ।

थाहा छैन इन्दिराको आँखामा रमाले के देखिन्, सुस्केरा हालिन्, र भनिन्- 'तिनी श्रीमती साक्षी, प्रमुख कार्यकारी हुन् ।'

'श्री सीमा यहाँ भौतिकशास्त्र विभागका प्रमुख हुनुहुन्छ ।'

त्यसपछि एक-एक गरी रमाले सबैलाई परिचय गराए । ती मध्ये आधाभन्दा बढी विश्वविद्यालयका लेक्चरर थिए र बाँकी कतै काम गरेका प्रोफेसरहरूका पत्नीहरू थिए । त्यसैले इन्दिरा गृहिणी हुनुले उनीहरूलाई अचम्म लाग्यो ।

इन्दिरा चुपचाप उठेर घर फर्कन चाहन्थिन्, तर कसरी सम्भव थियो ? उनका श्रीमान् नरेन्द्रको सम्मानमा पार्टी आयोजना गरिएको थियो । वेटर कोल्ड ड्रिङ्क लिएर आएपछि दण्डहीनताका साथ खाइन् ।

नरेन्द्रको 'नेपाली साहित्यको इतिहास'लाई उपकुलपतिको हातबाट 'एकेडेमी अवार्ड' प्रदान गर्न लागिएको थियो भने उनलाई 'रीडर'को उपाधि पनि दिइँदै थियो । नरेन्द्रको लेक्चररदेखि पाठकसम्मको यात्रामा इन्दिराले उनलाई हरेक पल साथ दिइन् । अब उनले यी भ्यामपुतलीहरूलाई काम नगर्नुको के सफाइ दिने ?

एक त, नरेन्द्रको स्वभाव यस्तो थियो कि घरमा रहेसम्म इन्दिरा उनको वरिपरि हुनुपर्ने । दोस्रो कुरा, इन्दिरा आफैंले छोडिनन्, उनका छोराछोरीहरू आयाको भरमा हुर्केका देख्न चाहँदैन थिइन् । स्कूलबाट आएर आमाको सट्टा ढोकामा ताला लगाएको देख्नु नपरोस् । जे होस्, तर आज इन्दिरा निराश भइन् । गृहिणी हुनु वास्तवमा हीनताको लक्षण हो । गृहिणीको आफ्नै कुनै अस्तित्व छैन ।

कहिलेकाहीँ इन्दिराको मनमा गृहिणी भएकोले हीनताको जटिल प्रश्न उठ्ने भए पनि आजको जस्तो अपमान भने कहिल्यै महशुस गरेकी थिइनन् । इन्दिरालाई रमाले नछोडेको भए कति बेरसम्म आफैले आफैलाई सोध्ने थिइन् यी प्रश्नहरू, त्यतिकैमा वेटर आउँछ- 'अरे म्याडम, खाली बोतल लिएर बसिरहनु भएको छ, अर्को ल्याइदिऊँ ?'

वास्तवमा, उनको चिसो पेय कहिले सक्यो थाहै भएन । उनले जबरजस्ती मुस्कुराउँदै 'नो थ्यांक्स' भनी, उठेर खाली बोतल डस्टबिनमा फालिन्, इन्दिराको निराशाले उसलाई सताइरहेको थियो । उनी वास्तवमा उठ्ने सोचमा थिइन् र नरेन्द्रलाई स्टेजमा माइक समातेर कुर्सीमा अडिएको देखे । तालीको गडगडाहटमा नरेन्द्रको गहिरो स्वर गुञ्जियो,

'हरेक सफल पुरुषको पछाडि एउटी नारी हुन्छ भन्ने कथाकथित संवाद भए पनि मेरो सन्दर्भमा यो शतप्रतिशत सत्य हो । मेरी श्रीमती इन्दिराको कारणले आज म यो उचाइसम्म पुग्न सकेको छु । मेरो जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा मेरी श्रीमती इन्दिराको गृहिणी हुनु हो । डबल एमए र स्वर्ण पदक जितेर पनि इन्दिराले मेरो चाहना पूरा गर्न गृहिणी बनेर हरेक पाइलामा साथ दिइरहेकी थिइन् ।'

इन्दिरालाई निद्राबाट ब्युँझिए जस्तो भयो । उनको निराशा पग्लन थाल्यो र नरेन्द्रको वक्तव्य जारी थियो ।

भन्न थाल्यो- 'तन र मनले पूर्णरूपमा समर्पित इन्दिराले मलाई घरभित्र र बाहिरका सबै जिम्मेवारीबाट मुक्त नराखेको भए यति ठूलो किताब लेख्न सक्ने थिइनँ । आजको युगमा महिलाका लागि काम गर्नु उनीहरूको स्ट्याटस सिम्बल बन्दै गएको छ । तर, मलाई लाग्छ, इन्दिराले पनि कतै जागिर खाएर आफ्नो पहिचान खोजिरहेकी भए सायद म पनि साधारण लेक्चरर नै भइरहने थिएँ ।'

तालीको गर्जनले इन्दिराको निराशा पूरै बहेर गयो । उनलाई एक्स-रे बाला आँखाले हेर्नेहरूको नजर झुक्न थाले । यस्तो लाग्थ्यो- उनीहरू रङ्गे हात समातिए । श्रीमानको बराबरी, अझ धेरै बढी कमाउने आशामा उनीहरूले श्रीमान् र सन्तानलाई कति महत्व दिन्छन् ? के उनीहरूका श्रीमानले नरेन्द्रले जस्तै सार्वजनिक रूपमा उनीहरूको प्रशंसा गर्न सक्छन् ? सायद कहिल्यै । नरेन्द्रले इन्दिरालाई कति उचाइमा पुऱ्याएका थिए, पाहुनाहरूको आँखामा इन्दिराप्रतिको आदर देखिएको थियो ।

'मलाई थाहा छ कि म इन्दिराको कारणले मात्र यो पुस्तक पूरा गर्न सकेको छु । त्यसैले यो अवार्डको हकदार मेरी श्रीमती इन्दिरा हो । मलाई मेरी प्यारी श्रीमती प्रति गर्व छ ।' इन्दिरा तालीको स्वागतले स्टेजमा पुगिन् । नरेन्द्रलाई उपकुलपतिले पदक प्रदान गर्दा पदक इन्दिराको घाँटीमा हाले । इन्दिराको अनुहार अलौकिक चमकले चम्कियो । श्रीमानको 'मलाई मेरी श्रीमती प्रति गर्व छ' भन्ने एउटा वाक्यले गृहिणीलाई गृहिणी भएकोमा गर्व महशुस गराएको थियो ।

अर्थात्, गृहिणी हेर्दा एक सानो शब्द, जसलाई सुन्दा कसैलाई कुनै विशेष फरक पर्दैन । जसलाई देख्दा यस्तो लाग्छ कि को नै हुन् गृहिणी ? कोही केही होइनन् तर जब कसैले गृहिणीलाई जान्ने प्रयास गर्छन् तब बुझ्छन् कि उनी बिना घरसंसार नै अधूरो हुन्छ ।

घर सम्हाल्नु र व्यवस्थित तरिकाले सम्हाल्नु फरक कुरा हो । जो बिना हक-अधिकारको वास्ता नगरी कर्तव्यको पालना गर्छिन्, उनी हुन् गृहिणी । आफ्नो अस्तित्व गुमाएर अरूको पहिचान बनाउँछिन्, उनी हुन् गृहिणी ।

'अनि अन्त्यमा' पूरै घर जसको हुन्छन् ऋणी, उनी नै हुन् गृहिणी ।'

परिकल्पना





**रामबाबु सुवेदी**

# परिस्थिति

उसले बाइक कुदाउँछु भन्दै जिद्धी गर्दै थियो । एकदिन उसले घरमा आफ्नो बाबालाई बाइक किन्दिनु भन्दै जिद्धी गऱ्यो । त्यो एक दिन दुई दिन गर्दै ऊ हरदिन बाबासँग त्यही बिषयमा लडाइँ गर्न थाल्यो । उमेरले भर्खर १८ टेकेको उसले आफ्नो कलेजमा सबै साथीहरु बाइकमा आउने जिकिर गर्दै खरिद गर्दिन उच्च चाहना व्यक्त गर्दो भयो ।

उसको बाबाले धेरै दिनसम्म बाइक किन्दिन्न भनेका थिए । 'तलाई अहिले कमाई न धमाई बाईक किन चाहियो' भन्दै बारम्बार सम्झाउँदै थिए । ऊ पनि आफ्नो बाबाको कुरा नसुनेर एकोहोरो हुँदै भन्यो- 'बाइक किन्दिनु नत्र म मर्छु ।' यस्तो आवेशमा आएको देखेर उसकी आमा डाको छाडेर रुन पुग्छिन् । केही उपाय नलागेपछि लामो समयमा भएपनी उसको जित हुन्छ । अनि एक जिम्मेवार परिवारप्रति सधैं लक्षित कुशल बाबाको हार ।

ऊ अर्थात् सुमन । मध्यम वर्गीय घरको परिवारको छोरा सुमनको बाबा सामान्य जागिरे हुन । उहीँ सामान्य जागिर भएका कारणले परिवारलाई दु:ख-सुख भए पनि आनन्दको जीवन बिताउँदै आएका थिए सुमनको बाबा । आज सुमनले आफ्नो जिद्धीका कारण मर्नेसम्मको धम्की दिँदा पाएको उपहार हो बाइक । उसले बाइकका लागि आफ्नो देह पनि त्याग्न तयार थियो । लाग्थ्यो ऊ कुनै पागलपन वा एकोहोरोपनको गहिरो शिकार भएको छ । उसकी आमाले बारम्बार सम्झाउँदा पनि नमानेर नै उसले जित्यो ।

अहिले ऊ संसारको सबैभन्दा खुशी व्यक्ति होला । किनकि उसको सपना पूरा भएको छ । तर, अर्कोतर्फ उसका बाबुआमा संसारका सबैभन्दा दुखित व्यक्ति होलान् । किनकि उनीहरुमा यातायातको भय छ । यातायातको जोखिम अनि सुमनको उत्ताउलोपन वा उमेरको प्रभावले उनीहरु निराश अनि भयभित बनेका छन् ।

त्यही सुमन अहिले निकै चिन्तित छ । उमेरले ऊ भर्खरै १८/१९ मात्र भएको छ । तर, अहिले उसलाई अस्पतालको धमाधमले सताएको छ । उसलाई औषधोपचारमा व्यस्त बनाएको छ । अस्पतालको सर्जरी वार्ड बाहिर सुमन वेञ्चमा बसेको छ । त्यत्तिकैमा वार्डको ढोका खोलेर नर्सले आवाज दिँदा ऊ आफ्नो हातमा खेलाउँदै गरेको मोबाइल आफ्नो खल्तीमा हाल्दै वार्डतर्फ दौडन्छ ।

नर्स 'यति औषधी ल्याईदिनु त छिट्टै । एक जनाभित्र बस्नु पर्छ नि तपाईहरुको बिमारीलाई के चाहिन्छ कति बेला थाहा हुन्न । यही बस्नु है अब बिरामी छेउ ।'


'हस' सुमन नैरश्यता भाव लिएर प्रति प्रश्न गर्छ' - आज औषधि लिन तल्लो तला कुदेको पाँच पटक भइसक्यो । थकाई लागेर एकछिन बाहिर विश्राम गरेको निदाएछु । अबदेखि याद गरौला । अझ कति दिन राख्छ बिरामीलाई दिदी ?' उसको प्रश्न सुनेर अर्की अधबैंसे नर्स हाँस्दै भन्छिन्- 'बिचरा भाइ जुँगाका रेखी राम्रो बसेको पनि छैन अनावश्यक बाइक कुदाउन खोज्दा आज वार्ड र अस्पताल भरी दगुर्नु पऱ्यो ।'

केही जवाफ नफर्काइ सुमन सिडी ओर्लिन्छ । थकित उसको अनुहारमा निराशाको बादल मण्डारिन्छ । ऊ आफ्नो थकित शरीर सिडीको भित्तामा अड्याउँदै पछाडिको खल्तीबाट पर्स निकाल्छ । उसको अहिले गोजी पनि खाली हुँदै गएको छ । हेर्दा पर्समा जम्मा आठ सयमात्र रहेछ । हातको मोबाइलमा नम्बर थिच्दै ऊ बोल्न थाल्छ- 'बा पैसा पठाईदिनुन है । यहाँ अझै खर्च लाग्ने रहेछ ।'

बा उताबाट जवाफ दिन्छन्- 'तलाई नकिन बाइक यो उपद्रो नगर भन्या होइन मानिनस् गधा । आफू त सकिस अब मैले थोरै बचत गरेको रकम पनि सकेर छोड । तैले कमाउनु परेको छैन माग्दा तेरो के जान्छ र ?'

आफ्नो देब्रे खाली हातले टाउको कनाउँदै ऊ प्रति उत्तर दिन्छ 'ह्या बा मैले जानेर हानेको हो र ? ल अरु कुरा थाहा छैन खुरुक्क चाडै पठाईदिनु है ।' सुमन फोन काट्दै औषधि पसल बाट औषधि लिएर फर्कन्छ । नर्सलाई बोलाएर औषधि दिन्छ । अनि बाहिर विश्राम गर्छ । अनि ऊ थकित हुँदै गहिरो निन्द्रामा पुग्छ...।

लघुकथा



# दोधार

**– मित्र 'उराठी' गौतम**

'बाबाले भेट्न खोज्नु भा'छ । शनिबार आऊ है ।' -सृष्टिले फोनमा भनिन् ।

'हो र भन्या ? मलाई त अप्ठ्यारो लाग्छ । बरु कतै बाहिरै भेटौं न ।' -असजिलो मान्दै जवाफ फर्कायो सौगातले ।

'नाइँ के, प्लिज हुन्न नभन । बाबाले के सोच्नु हुन्छ फेरि ? आखिर एक न एक दिन त खुल्नै पर्छ । भेट हुनै पर्छ ।' -कर गरिन् उनले ।

शनिबार बिहानै नुहाइ धुवाइ गऱ्यो । सृष्टिलाई मन पर्ने खैरो सुट लगायो । पर्फ्युम छर्कियो । सेतो मोजामा टलक्क टल्कने कालो जुत्ता लगायो र कार स्टार्ट गरेर सृष्टिको घरतिरको साइत गऱ्यो ।

जाँदाजाँदै बाटोमा मन्दिर देखियो ।

सोच्यो- 'भगवानको दर्शन गरेर जान्छु । सबै कुरा शुभ हुनेछ ।'

मन्दिर नजिकै कार रोक्यो । गेटबाट भित्र पस्नै आँटेको थियो, देख्यो- 'जुत्ता चप्पल यहाँ' भन्ने लेखोट ।

टक्क रोकियो ऊ ।

भगवानलाई चढाएको जल मन्दिर परिसरमा यत्रतत्र फिँजिएको थियो । बलि दिएका बोका, कुखुरा रगत भुइँमा लतपताउँदै मन्दिर परिक्रमा गराइरहेका थिए । भक्तजनहरू बडो धैर्यताका साथ खाली खुट्टा भगवान् दर्शनको लागि लामबद्ध थिए ।

'कमसेकम जुत्ता खोलेर जानु पर्ने ठाउँमा त्यही किसिमको सरसफाई हुनुपर्ने । या त यस्तै रछ्यान जस्तो दुर्गन्धित पार्ने हो भने जुत्ता, चप्पलसँगै जान पाउनुपर्ने ।'

'कत्रो आस्था साथ आएको म भगवानको दर्शन नगरी फर्कुं ? या जुत्ता खोलेर रगतको आहाल टेक्दै दुर्गन्धित मोजा लगाएर सृष्टिको घर जाऊँ ? अनि उनको कार्पेट, गलैंचा बिछ्याएको भव्य बैठकमा कच्याप्पै टेकुँ ?'

घरी मन्दिरभित्र, घरी बाहिर हेर्दै अधैर्य बन्यो सौगात ।

# इक्यान झापाद्वारा युएसए अध्ययनका लागि प्रशिक्षण



**बिर्तामोड, जेठ ११।** संयुक्त राज्य अमेरिकामा उच्च शिक्षा अध्ययन गर्न जानेको विद्यार्थीलाई लक्षित गर्दै नेपाल शैक्षिक परामर्श संघ इक्यान झापाले एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

नेपालबाट पनि अमेरिका शिक्षा लिन चाहने विद्यार्थीहरू उलेख्य रहेका छन्। अमेरिकामा नेपालबाट उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीलाई आवश्यक पर्ने शैक्षिक योग्यता, विश्वविद्यालयको छनौट, अध्ययन खर्च, अध्ययन प्रणाली, विषय बस्तु लगायतका विषयमा जानकारी दिने उद्देश्यले झापाका विभिन्न कन्सल्टेन्सीमा कार्यरत शिक्षक तथा सञ्चालकहरुलाई तालिम प्रदान गरिएको इक्यान झापाका अध्यक्ष रोशन सुवेदीले जानकारी दिए।

अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि पहिलो गन्तव्य रहेको अमेरिकामा नेपाली विद्यार्थीको आकर्षण रहेको जनाइएको छ। पछिल्लो समय दुई सयभन्दा बढी मुलुकबाट अमेरिकालाई शैक्षिक गन्तव्य बनाउने विद्यार्थीहरू धेरै देखिएका छन्।

इक्यान झापाका अध्यक्ष रोशन सुवेदीको अध्यक्षातामा भएको कार्यक्रममा इक्यानका केन्द्रिय अध्यक्ष शेषराज भट्टराईको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा इक्यानका केन्द्रिय सदस्य एवम् अमेरिका विभाग प्रमुख उमा खड्का, पूर्व केन्द्रिय सदस्य पुष्पराज भट्टराई लगायतको आतिथ्य रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथी भट्टराईले शैक्षिक परामर्श दाताहरुलााई यस्ता तालिमले सहजता मिल्ने भन्दै झापाले लगातार विभिन्न देशहरुको शैक्षिक अवस्था लगायतका विषयमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरेको भन्दै खुशी व्यक्त गरे।

कार्यक्रममा इक्यान अमेरिका विभाग सदस्य एवम् सहजकर्ता उषा श्रेष्ठ र रञ्जना पोखेलले सहजीकरण गर्दै अमेरिकाको अहिलेको शैक्षिक अवस्था, नेपाली विद्यार्थीले अपनाउनुपर्ने प्रक्रिया लगायतका विषयमा जानकारी गराएका थिए। कार्यक्रममा झापाका अधिकांश कन्सल्टेन्सीहरुले सहभागिता जनाएका थिए।

इक्यान झापाका सचिव अशोक भण्डारीले सञ्चालन गरेको कार्यक्रममा स्वागत इक्यान झापाका कार्यसमिति सदस्य तुलसी पाठकले गरेका थिए।




# टीकाराम नेपाल सन्तति वंशावली विमोचन

**सुरुङ्गा, जेठ ११।** घृतकौशिक प्रतिष्ठान कोटीहवनको सभाहलमा आयोजित विशेष समारोहमा टीकाराम नेपाल सन्तति वंशावली पुस्तकको विमोचन गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल वंशज परिषदका केन्द्रीय उपाध्यक्ष हरिप्रसाद नेपालले सो पुस्तक विमोचन गर्दै वंशावली सङ्कलन, लेखन तथा प्रकाशनमा भूमिका खेल्ने सबैलाई धन्यवाद दिए।

सो वंशावली तयार गर्न डिल्लीराज नेपालको संयोजकत्वमा सन्तोष नेपाल, गङ्गाराम नेपाल र राजेश नेपाल रहेको समिति गठन गरिएको थियो। कार्यक्रममा वंशावली निर्माणमा भूमिका निर्वाह गरेको भन्दै षडानन्द नेपाल ( कनकाई), गृहनाथ नेपाल (शिवसताक्षी) र शिवलाल नेपाल ( सिक्किम भारत)लाई विशेष सम्मान गरिएको थियो। कार्यक्रममा झिलझिले माविका शिक्षक नारद दवाडीले पुस्तकको समीक्षा गरेका थिए।




कार्यक्रममा घृतकौशिक प्रतिष्ठान नेपालका पूर्व अध्यक्ष वेदनिधि नेपाल, वर्तमान उपाध्यक्ष भीमप्रसाद नेपाल, नेपाल वंशज परिषद् झापा अध्यक्ष गिरीराज नेपाल लगायतले बन्धु एकता, एकापसी सहयोग र समन्वयका बारेमा जोड दिएका थिए।

टीकाराम नेपाल सन्तति शाखाका अध्यक्ष डिल्लीराज नेपालको अध्यक्षता र उपाध्यक्ष गङ्गाराम नेपालको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन सचिव सन्तोष नेपालले गरेका थिए।

## खोलाले बगाएर बालकको मृत्यु

**इलाम, जेठ ११।** इलामको माई नगरपालिका-२ र ८ को बीच दुङदुङ्गेमा माईखोलाले बगाएर दुई जना बालकको मृत्यु भएको छ।

पौडी खेल्ने क्रममा माई-८ रातोखोलाका राजेन्द्र आङदम्बेक ९ बर्षीय छोरा किश्मन आङ्गदम्बे र बिक्रम लिम्बूका ११ बर्षीय छोरा मिन्सुहाङ्ग लिम्बूको मृत्यु भएको हो।

स्थानीय पाँच जना बालक पौडी खेल्ने क्रममा एक्कासी खोलाको बहाव बढेपछि तीन जना निस्कन सफल भएका र बाँकी दुई जना मिन्सुहाङ्ग र किस्मनलाई खोलाले बगाएको थियो।

मिन्सुलाई नजिकैबाट स्थानीयको सक्रियतामा उद्धार गरी माई अस्पलाल हुँदै बि एण्ड सी अस्पताल बिर्तामोड लगिए पनि अस्पताल पुऱ्याउँदा उनको ज्यान गएको लोदिया प्रहरी चौकी दानावारीका बरिष्ठ प्रहरी नायव निरिक्षक कैलाशकुमार केसीले जानकारी दिए।

यता खोलामा बेपत्ता किस्मनलाई घटना भएको जानकारी पाउना साथ खोजी थालिए पनि घटना भएको स्थानभन्दा करिब सात किलोमिटर दक्षिण झापा-इलाम सिमा दोमुखाबाट मृत अवस्थामा फेला पारिएको माई-८ का वडाध्यक्ष अमृत मोक्तानलाई उदृत गर्दै प्रहरीले जनाएको छ।

# भलिबलको उपाधि अर्जुनधारा-७ लाई



**अर्जुनधारा, जेठ ११।** २५६८औं बुद्ध जयन्तीको अवसरमा अर्जुनधारामा सम्पन्न भएको प्रथम अर्जुनधारा वडास्तरिय भलिबल प्रतियोगिता-२०८१ को उपाधि अर्जुनधारा-७ ले जितेको छ।

आयोजक अर्जुनधारा-७ ज्योती बस्तीस्थित सिर्जना बाल युवा क्लव टिम 'ए'लाई पराजित गर्दै अर्जुनधारा-७ ले उपाधि जितेको हो।

प्रतियोगिताको विजेता र उपविजेता टिमद्वय क्रमश अर्जुनधारा-७ र आयोजक क्लब टिम 'ए'लाई नगद पुरस्कार क्रमश १५ हजार र आठ हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिएको क्लवकी अध्यक्ष शर्मिला न्यौपानले जानकारी दिइन्।

त्यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडी अर्जुनधारा-७ का अनिस सुन्दास, उत्कृष्ट डिफेन्स टिम 'ए'का प्रदीप आचार्य, उत्कृष्ट सेटर टिम 'ए'का शिवु शाह र उत्कृष्ट सटर अर्जुनधारा-७ का सौगात श्रेष्ठलाई ट्रफी प्रदान गरिएको थियो।

प्रतियोगितामा आयोजक टिम 'ए' र टिम 'बी'सहित अर्जुनधारा-१, ३, ७, ८, ९ र १० नम्बर वडाको सहभागिता रहेको थियो। विजेता र उपविजेता टिमका खेलाडीहरुलाई नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशिलाल परियार 'भोला', क्लवका सल्लाहकार गंगाबहादुर महत, दाता रमा थापा लगायतले पुरस्कारहरु वितरण गरेका थिए।

क्लवकी अध्यक्ष न्यौपानेको अध्यक्षतामा आयोजित उक्त प्रतियोगिताको प्रमुख अतिथि अर्जुनधारा-७ का वडाध्यक्ष गोविन्द खतिवडाले उद्घाटन गरेका थिए। क्लवका सल्लाहकार देवकुमार राईले प्रतियोगिताको औचित्यसहित स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा सदस्य सालमली दियालीले स्वागत नृत्य प्रस्तुत गरेकी थिइन्। उक्त कार्यक्रमको सञ्चालन सचिव आदर्श पोखरेलले गरेका थिए।

## माइन्युट लेखन तालिम

**कमल, जेठ ११।** कमल गाउँपालिकामा बैठक सञ्चालन तथा माइन्युट लेखन तालिम शुरु भएको छ। मेची सामुदायिक सिकाइ केन्द्र कमल-३ को आयोजनामा विहीवारबाट तीन दिने तालिम शुरु भएको हो।

कमल-५ स्थित मङ्गलमय माध्यमिक विद्यालयको सभाहलमा शुरु भएको तालिममा कमल गाउँपालिका वडा नम्बर ४, ५, ६ र ७ का टोल विकास संस्थाका अध्यक्ष र सचिवको सहभागिता रहेको तालिमको सहजीकरण नरेन्द्र जनता माध्यमिक विद्यालयका



प्रधानाध्यापक बद्री कार्कीले गरेको सिकाइ केन्द्र उपाध्यक्ष विजयकुमार अधिकारीले बताए।

सिकाइ केन्द्रका अध्यक्ष लैनबहादुर पौडेलको अध्यक्षतामा भएका उद्घाटन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले बोलेकी थिइन्। कार्यक्रमको सञ्चालन दुर्गाप्रसाद नेपालले गरेको कार्यक्रममा स्वागत निवर्तमान अध्यक्ष मातृकाप्रसाद नेपालले गरेका थिए।

# कडरिया बन्धुको सभा




**सुरुङ्गा, जेठ ११।** कडरिया बन्धु सेवा समाज झापा-मोरङ शाखाको १५औं साधारणसभा तथा गोठधुप पूजा कार्यक्रम सम्पन्न भएको छ।

कनकाईधाम कोटीहवनस्थित कडरिया बन्धु भवनको सभाहलमा सम्पन्न कार्यक्रममा शाखा अध्यक्ष वीरेन्द्र कडरियाले संस्थाको वार्षिक प्रगति प्रतिवेदन पेश गरेका थिए। सचिव विक्रमविकास कडरियाले साङ्गठनिक र कोषाध्यक्ष लयप्रसाद कडरियाले आर्थिक प्रतिवेदन पेश गरेका थिए।

वंशावली लेखन समितिका संयोजक मेदनीप्रसाद कडरियाको प्रमुख आतिथ्य र सिदिङमा गाउँपालिका पाँचथरका पूर्वअध्यक्ष नरबहादुर कडरियाको विशेष आतिथ्यमा भएको कार्यक्रममा गत वर्ष चैत ३ गतेदेखि शुरु भएको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञबाट खर्च कटाएर २० लाख ९८ हजार पाँच सय ५३ रूपैयाँ बचत भएको संयोजक गणेशप्रसाद कडरिया र कडरिया बन्धु सेवा समाज झापा मोरङ शाखाका सदस्य राधिका कडरियाले जानकारी दिए।

कार्यक्रममा संस्थाको भौतिक विकासमा सहयोग पुऱ्याउने सीता कडरिया र भोला कडरियालाई दोसल्ला, रूद्राक्षको माला र सम्मान पत्रले सम्मान गरिएको थियो। त्यसै गरी २०७९ सालको एसईईमा कडरिया बन्धुभित्रबाट उत्कृष्ट नतिजा ल्याउने सामुदायिकतर्फ धुलाबारी माविकी सरस्वती कडरिया र संस्थागततर्फ लिटल फ्लावर्स स्कूल बिर्तामोडका कृश्चल कडरियालाई जनही चार हजार नगदसहित सम्मान गरिएको थियो।

# सुनुवार समाजले मनायो 'स्याँदर पिदार'



**बिर्तामोड, जेठ ११।** बिर्तामोड -१० स्थित जहरमान टोलमा सुनुवार समुदायले किरातहरुको महान पर्व उभौली (स्याँदर पिदार) मनाएका छन्।

सुनुवार सेवा समाज वडा समितिको आयोजनामा जहरमान टोलमा रहेको चण्डीथानमा उभौली पूजासहित स्याँदर पिदार सम्पन्न भएको हो। सुनुवार सेवा समाज बिर्तामोड-१० वडासमिति अध्यक्ष मनु सुनुवार मुखियाको अध्यक्षता तथा सुनुवार सेवा समाज झापाका अध्यक्ष अविरबहादुर मुखियाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष प्रभात मुखियाले स्वागत गरेका थिए।

वि.स.२०६१ सालमा स्थापना भएको उक्त चण्डीथानमा आफ्नो धर्म संस्कारको जगेर्ना गर्ने उद्देश्यले निरन्तर उधौली उभौली मनाउने गरिएको संस्थाकी अध्यक्ष मनु मुखियाले बताइन्। प्रमुख अतिथि अबिरबहादुर मुखियाले कसैलाई रोग, शोक नपरोस्, बालीनाली सप्रियोस भनेर पुर्खा, प्रकृति र चण्डी भगवतीको पूजा गर्ने गरिएको बताए।

संस्थाका उपाध्यक्ष प्रभात मुखियाले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि मुखिया, स्थानीय जनप्रतिनिधि पृथ्वी बस्नेत लगायतले शुभकामना मन्तव्य राखेका थिए। संस्थाका उपाध्यक्ष प्रभात मुखियाले सञ्चालन गरेको कार्यक्रममा कोशी प्रदेश उपाध्यक्ष विष्णुकला मुखिया, बिर्तामोड नगर समिति अध्यक्ष दिलकुमार मुखिया, नगर सदस्य चम्पादेवी सुनुवार, नगर समिति सल्लाहकार टेकबहादुर सुनुवार, किरात याक्थुङ्ग चुम्लुङ्ग बिर्तामोडका सल्लाहकार रिमानध्वज लोक्ताम, चण्डीथान निर्माण समितिका अध्यक्ष नारायण सुनुवार, पुजारी गोबर्धन सुनुवार, भूमिनासो गणेश मुखिया, तेजबहादुर मुखिया, महेश मुखिया लगायतको आतिथ्य रहेको थियो। कार्यक्रममा भूपाल मुखिया र मीना मुखियालाई सम्मान गरिएको थियो।


बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | | |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।


सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई


बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिन फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहने छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, मन प्रसन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, धार्मिक गतिविधि बढेर जानेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।